ओशोको विचार क्रान्ति र सेक्सुअल लिबरलिजम (२)

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

आमा डेन्टल केयर प्रा. लि.

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।

❑ वर्ष-२१ ❑ अंक - ११७ ❑ २०८३ वैशाख १५ गते मंगलबार ❑ Tuesday, 28 April 2026 ❑ मूल्य ७ /-

बालेन सरकारको एक महिना

शासकीय सुधार र सुशासनमा पहल

पूर्वसन्देश समाचार

दमक/ आन्दोलनको म्यान्डेट, जनअपेक्षा र वैकल्पिक राजनीतिक धारको बलमा गठन भएको बालेन सरकारले एक महिना पूरा गर्दा यसको कार्यशैली उपलब्धि, विवाद र चुनौतीको मिश्रित चित्रका रूपमा उभिएको छ। बालेन्द्र शाहको नेतृत्वमा १३ चैत २०८२ मा गठन भएको मन्त्रिपरिषद्ले सुरूवातमै आक्रामक र परम्परागत ढाँचाभन्दा पृथक शैली अपनाउँदै सुशासन, पारदर्शिता र उत्तरदायित्वको सन्देश दिन खोजेको देखिन्छ। झन्डै दुईतिहाइ बहुमतसहितको सरकारले यो अवधिमा शासकीय सुधार र सुशासन बहालीका लागि पहल अघि बढाएको छ। सरकारको कामले सकारात्मक सन्देश दिए पनि विधि र कानुनी प्रक्रिया अवलम्बनमा चुकेको भन्दै आलोचना पनि भईरहेको छ। पहिलो मन्त्रिपरिषद् बैठकबाटै सार्वजनिक १०० कार्यसूची मध्ये ८ वटा पुरा गरिसकेको छ भने अरू सबै कार्यान्वयनको चरणमा रहेका छन्। सार्वजनिक गर्नु, विगतका प्रभावशाली राजनीतिक व्यक्तित्व र उच्च पदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिनका लागि आयोग गठन गर्ने घोषणा गर्नु तथा विदेशस्थित सम्भावित अवैध सम्पत्तिमाथि अनुसन्धानको संकेत गर्नुले जनस्तरमा सकारात्मक तरंग सिर्जना गरेको थियो। साथै, विभिन्न दलका घोषणापत्रका उत्कृष्ट पक्ष समेटेर राष्ट्रिय प्रतिबद्धतापत्र तयार पार्ने निर्णयलाई नयाँ राजनीतिक अभ्यासका रूपमा व्याख्या गरिएको छ।

सेवा प्रवाह सुधारतर्फ सरकारका कदमहरु उल्लेखनीय देखिएका छन्। लामो समयदेखि जटिल र ढिलासुस्तीको पर्याय बनेको सवारीचालक अनुमतिपत्र वितरण प्रक्रियालाई छोट्याउने, श्रम स्वीकृति प्रक्रियालाई सरलीकृत गर्दै आवेदनकै दिन स्वीकृति दिने व्यवस्था मिलाउने, मालपोत तथा यातायात कार्यालयमा सक्रिय बिचौलियामाथि निगरानी र कारबाही गर्ने, साथै अस्पतालहरूमा १० प्रतिशत शय्या निःशुल्क उपलब्ध गराउने निर्णयले नागरिकस्तरमा तत्काल राहतको अनुभूति गराएको छ। यस्ता बाँकी ४ पेजमा ▸▸

सुकुमबासी नामका ढुकुमबासीका महल ध्वस्त

दमक/ अहिले काठमाडौका नदी किनार तथा विभिन्न अतिक्रमित क्षेत्रमा सुकुमबासीका नाममा कब्जा गरिएको जमिन खालि गराउन सरकार आक्रमक रूपमा लागि परेको छ। यस क्रममा सुकुमबासी बस्तीको नाममा नदी किनार तथा सार्वजनिक जमिन अतिक्रमण गरेर बसोबास गर्ने सबै वास्तविक सुकुमबासी नभएको पनि पाईएको छ। छाप्रा र टहरा बनाएर बस्नेहरूमध्ये कतिपय व्यक्तिहरूका अन्यत्र निजी घर, जग्गा र महलसमेत रहेको पाइएको हो। अझ केहीले सुकुमबासी बस्तीभित्र घर बनाएर भाडामा लगाई आम्दानीसमेत गरिरहेको अवस्था भेटिएको छ। यसले वास्तविक भूमिहीन र गरिब सुकुमबासीको समस्यालाई झन् जटिल बनाएको छ। यस्ता गतिविधिले सुकुमबासी समस्याको समाधानमा चुनौती थपेको छ जसका कारण वास्तविक पीडित र अवसरवादी छुट्याउन कठिन बनेको छ। सरकारले यही अवस्थालाई मध्यनजर गर्दै वास्तविक सुकुमबासीको पहिचान गर्ने, तथ्यांक संकलन गर्ने र उनीहरूलाई सुरक्षित तथा व्यवस्थित स्थानमा बसोबासको व्यवस्था मिलाउने काम गरि रहेको जनाएको छ। त्यसका लागि नदी किनार र अतिक्रमित क्षेत्र खाली गराउने अभियान अघि बढाइएको हो। सरकारले भने आफ्नो उद्देश्य गरिब र भूमिहीनलाई विस्थापित गर्नु नभई बाँकी ४ पेजमा ▸▸

दनपाद्वारा वडा नं. १ का निर्माणाधिन संरचनाको अनुगमन

समृद्धिको मार्गचित्र कोर्दै

खगेन्द्र कार्की

दमक/ विषम परिस्थितिहरु, स्रोत-साधनका चुनौती र समयका अनेकन बाधा-अवरोधका बीच पनि दमक नगरपालिकाले विकासको गतिलाई रोक्न दिएको छैन। बरू, जनताको जीवनस्तर उकास्ने दृढ संकल्पसहित निरन्तर अघि बढिरहेको यस नगरपालिकाले पछिल्लो समय विकास निर्माणका कामलाई सक्रियताका साथ कार्यसम्पादन पुरा गर्दै गएको स्थानीयबासी बताउँछन्।

सोमबार नगरप्रमुख रामकुमार थापाको नेतृत्वमा सम्पन्न गरिएको अनुगमन र सोही क्रममा स्थानीयबासीको प्रतिक्रियाले नगरको विकासप्रति सरकारको प्रतिबद्धता झन् स्पष्ट बनाएको छ। वडा नं. १ का भित्री सडकदेखि स्वास्थ्य संस्था र शैक्षिक पूर्वाधारसम्मको प्रत्यक्ष अनुगमनले 'जनताको घरदैलोमै सेवा' भन्ने मूलमन्त्रलाई व्यवहारमा नगरपालिकाले उतारेको भन्दै सेवाग्राही, स्थानीयबासीले प्रशंसा गरेका थिए।

स्वास्थ्य सेवामा ऐतिहासिक रुपान्तरणको तयारी

अनुगमनको पहिलो प्रहार दमक अस्पतालमा भएको थियो, जहाँ सेवा प्रवाहको गुणस्तर सुधार गर्न जनप्रतिनिधिहरु स्वयं सक्रिय देखिए। अस्पताल व्यवस्थापन समितिका संयोजक समेत रहेका नगरप्रमुख थापाले सेवाग्राहीका गुनासा र सुझावलाई गम्भीरतापूर्वक ग्रहण गर्दै तत्काल सुधारको प्रतिबद्धता जनाउनु नगरप्रशासनको उत्तरदायित्वबोधको ज्वलन्त उदाहरण हो।

अस्पताललाई १०० शैयामा स्तरोन्नति गर्ने लक्ष्यसहित भौतिक संरचना विस्तारको महत्वाकांक्षी योजना अघि बढाइएको छ। करिब ५ करोड रूपैयाँको लागतमा मुख्य भवनमा थप एक तला निर्माण कार्य शीघ्र प्रारम्भ हुने जनाइएको छ। यससँगै, हाल प्रयोगविहीन रहेको दोस्रो तलाको पूर्वपट्टिको खुल्ला स्थानलाई व्यवस्थित गरी सुत्केरी महिला, नवजात शिशु तथा ज्येष्ठ नागरिकका लागि दश लाख बढीको लागतमा 'कुरूवा घर'को रूपमा रूपान्तरण गर्ने योजना पनि उत्तिकै सराहनीय छ। अस्पताल दोस्रो तलाको प्रयोग विहिन स्थानमा कफी सप, फास्टफुड सेवा, तातोपानी व्यवस्थापन तथा इन्डोर फार्मेसी सञ्चालन गर्ने दूरदर्शी योजना अघि सारिएको छ, जसले स्वास्थ्य सेवामा सुविधा र आधुनिकताको नयाँ आयाम थप्नेछ। यसरी अस्पताललाई केवल उपचार केन्द्र मात्र नभई 'समग्र सेवा केन्द्र' बनाउने दिशामा दमक नगरपालिकाको अग्रसर बढाइएको नगरप्रमुख थापाले बताए। सो अनुगमन टोलीमा वडा नं. १ का अध्यक्ष हरिप्रसाद न्यौपाने, नपाका वरिष्ठ प्रशासकीय अधिकृत यज्ञप्रसाद निरौला लगायतको सहभागिता रहेको थियो। निरीक्षणका क्रममा दमक अस्पतालको सेवाग्राहीमैत्री भुक्तानी प्रणाली, टोकन व्यवस्थापनलगायतका विषयमा अझ सुधारको पहल गरी 'स्मार्ट गभर्नेन्स'तर्फ अगाडि बढ्न सेवाग्राहीले सुझाव दिएका थिए।

पूर्वाधार विकासमा तीव्र गतिः सडकदेखि संरचनासम्म व्यापक विस्तार

वडा नं. १ का भित्री सडकहरूको अनुगमनले पूर्वाधार विकासमा नगरपालिकाको सक्रियता प्रष्ट देखाउँछ। सतासी मार्गमा निर्माणाधीन आकर्षक प्रवेशद्वार स्थानीय महिला समूहको सहभागितासहित करिब ५.५ लाखको लागतमा निर्माण भइरहेको छ, जसले स्थानीय सहभागितामूलक विकासको बाँकी ४ पेजमा ▸▸

नेकपाले बनायो संविधान संशोधन कार्यदल

दमक/ नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले संविधान संशोधन कार्यदल बनाएको छ। सोमबार केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको केन्द्रीय संयोजन समिति बैठकले कार्यदल बनाउने निर्णय गरेको हो।

कार्यदलमा नेता देव गुरुङ, प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रणध्वज कङ्दङवा, रेखा शर्मा, गणेश विक, मुक्ति प्रधान, खेमलाल देवकोटा, डम्बरविक्रम थापा, जगदेव चौधरी र रामबहादुर चौधरी रहेका छन्।

शोभा पाठकमाथि हातपात

दमक/ माइतीघर मण्डलामा धर्ना बसेकी शोभा पाठकमाथी हातपात भएपछि उपचारका लागि उनलाई अस्पताल पठाइएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईका अनुसार पाठकलाई वीर अस्पताल पठाइएको हो।

हातपात गरेको आरोपमा नेकपा एमालेका सचिव महेश बस्नेतकी श्रीमती अम्बिका बस्नेतसहितका व्यक्तिलाई भने प्रहरीले नियन्त्रणमा लिएको छ। अम्बिकासहित ७ जनालाई अहिले प्रहरी परिसर भद्रकालीमा राखिएको छ।

पाठकले एमाले नेता महेश बस्नेतले आफूमाथि गम्भीर अपराध गरेको आरोप लगाउँदै कारबाही हुनुपर्ने माग गर्दै आएकी छिन्।

अहिले भने पाठक विवादमा आएपछि राजीनामा दिएका गृहमन्त्री सुधन गुरुङलाई पुनर्बहालीको माग गर्दै माइतीघरमा धर्ना बसेकी थिइन्। सोही क्रममा सोमबार उनीमाथि हातपात भएको हो।

सशस्त्र प्रहरीको आईजीपीमा पौडेल

दमक/ सशस्त्र प्रहरी बलको महानिरीक्षक (आईजीपी) मा नारायणदत्त पौडेल नियुक्त भएका छन्। अतिरिक्त महानिरीक्षक (एआईजी) पौडेललाई सोमबार बसेको मन्त्रिपरिषद् बैठकले आईजीपी बनाउने निर्णय गरेको हो। उनी देशको १३ औं आइजीपी प्रमुख बनेका हुन्। हालका आईजीपी राजु अर्याल चार वर्षे कार्यकाल पूरा गरी यही १८ वैशाखमा अवकाश लिँदैछन्। उनी अवकाशमा जाने भएपछि सरकारले पौडेललाई आईजीपी बनाउने निर्णय गरेको हो। सशस्त्र प्रहरी प्रधान कार्यालय हल्चोकस्थित मानव स्रोत विभागका प्रमुख रहेका पौडेलले वैशाख १९ देखि कमाण्ड सम्हाल्ने छन्।

कांग्रेस संसदीय दलको नेतामा आङ्देम्बे

दमक/ नेपाली कांग्रेस संसदीय दलको नेतामा भीष्मराज आङदेम्बे निर्वाचित भएका छन्।

सोमबार बसेको संसदीय दलको बैठकले आङदेम्बेलाई प्रतिनिधिसभामा दलको नेतामा निर्विरोध निर्वाचित गरेको हो।

चट्याङ्ले घाईतेको मृत्यु

उर्लाबारी/ चट्याङले लागेर घाइते भएकी मोरङ धनपालथान गाँउपालिकाकी महिलाको उपचारका क्रममा मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी निरीक्षक लेखनाथ दाहालका अनुसार गाँउपालिकाकी ३० वर्षीया भाल्सादेवी ऋषिदेवको सोमबार बिहान मृत्यु भएको हो। आइतबार बिहान घरमै बसिरहेको अवस्थामा चट्याङ लागेर गम्भीर घाइते भएकी ऋषिदेवलाई तत्कालै उपचारका लागि विराटनगर ल्याइएको थियो। प्रहरी निरीक्षक दाहालका अनुसार विराटनगरको श्री अस्पतालमा उपचारका लागि भर्ना गरिएकोमा ऋषिदेवको स्वास्थ्य अवस्था जटिल भएपछि अस्पतालले डिस्चार्ज गरेको थियो। अस्पतालबाट डिस्चार्जगरि घर पुराइएकी ऋषिदेवको सोमबार बिहान मृत्यु भएको हो।

समृद्धिका आधार कृषि, उद्योग, पर्यटन र सूचना प्रविधि

दमक/ नयाँ सरकार बन्दै गर्दा देशको आर्थिक अवस्थाबारेको श्वेतपत्र सार्वजनिक भएको छ। सरकारले ल्याएको शासकीय सुधारका १०० बुँदे कार्ययोजनामा उल्लेख भएअनुसार बालेन्द्र शाह नेतृत्वको नयाँ सरकार बन्दै गर्दा देशको अर्थतन्त्रको चित्र सार्वजनिक गरेको हो।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मुलुकको विद्यमान आर्थिक अवस्था, चुनौती र भावी बाटो समेटेर 'वर्तमान आर्थिक स्थितिपत्र' (श्वेतपत्र) जारी गरे। पदमा आउँदै गर्दा यस्तो प्रतिवेदन निर्माणको घोषणा गरेका थिए।

श्वेतपत्रमा विगतको नीतिगत भ्रष्टाचार, आसेपासे पुँजीवाद र शासकीय अस्थिरताका कारण अर्थतन्त्र अनुत्पादक चक्रमा फसेको निष्कर्ष निकालिएको छ। एक दशकयताको औसत आर्थिक वृद्धिदर ४.२ प्रतिशत मात्र रहेको र चालु आर्थिक वर्ष २०८२/८३ मा वृद्धिदर जम्मा ३.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरिएको छ।

बेपत्ता राई मृत फेला

ईटहरी/ उदयपुरको लिम्चुङबुङ गाँउपालिका वडा ५ चौलाने बस्ने ५१ वर्षीय रामशेर राई रौतामाई गाउँपालिकाको वडा ३ को भदौरेस्थित सुनकोशीको किनारमा मृत अवस्थामा फेला परेका छन्। पाँच दिनअघि निज सहित अन्य ८ जना सुनकोशी नदीमा माछा मार्न जानेक्रममा लिम्चुङबुङ गाँउपालिका वडा ४ सानरलुङस्थित सुनकोशी नदीबाट उहाँ बेपत्ता हुनुभएकोमा प्रहरी टोलीले खोजतलास गर्ने क्रममा रौतामाई गाँउपालिका वडा ३ भदौरे स्थित सुनकोशी नदी किनारामा आज अपरान्ह निजको लास फेला परेको प्रहरीले जनाएको छ। उक्त स्थानमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक सहितको टोली खटिई गई आवश्यक कानुनी प्रकिया पुरा गरी जिल्ला अस्पताल उदयपुरमा पोष्टमार्टम गरे पश्चात मृतकको छोरा जापान राईले जिम्मा दिइएको र यस घटनाबारे थप अनुसन्धान भइरहेको पनि प्रहरीले जनाएको छ।

५० मुद्धाको मिशिल बेपत्ता

बिराटनगर/ जेनजी आन्दोलनका क्रममा जिल्ला अदालत मोरङमा आगजनी गरिएका विचाराधीन मुद्दाको अधिकांश मिसिल संकलन भएको छ। तर ५० वटा मिसिल अझै भेटिएको छैन। जिल्ला न्यायाधीश दुर्गाबहादुर भुषालका अनुसार आगजनीको समयमा अदालतमा रहेका १ हजार ४१ वटा विचाराधीन मुद्दाको मिसिल जलेका थिया। तीमध्ये विभिन्न स्रोतको सहयोगमा ९ सय ९१ मिसिल संकलन भइसकेका छन्। अदालतको आ"नै अभिलेख जलेर नष्ट भएपछि कानुन व्यवसायी, सरकारी वकिलको कार्यालय र अन्य सरोकारवाला निकायहरूको सहयोगमा मिसिल संकलन गरेको हो। उनका अनुसार चालु अवस्थाका ५० वटा मुद्दाको मिसिल अझै प्राप्त भएको छैन।

भदौ २४ सम्म फैसला भइसकेको तर फैसला लेख्न बाँकी रहेका ७८ वटा मिसिलमध्ये ७५ वटा प्राप्त भएको छ। फैसला लेख्न बाँकी ३ वटा मिसिलको विवरण अझै प्राप्त भएको छैन। न्यायाधीश भुषालका अदालतको अभिलेख शाखामा रहेका करिब १ लाख २५ हजार थान मिसिलहरु जलेर नष्ट भएका थिए। तीमध्ये २ हजार ५ सय ४८ वटा मिसिल संकलन गरिएको छ। अदालतको फैसला कार्यान्वयन गर्ने जिम्मा पाएको तहसिल शाखामा रहेका १ हजार ७ सय मिसिल जलेका थियो। तीमध्ये १ हजार ३ सय ५९ मिसिल संकलन भएको छ। ३ सय ४१ मिसिल संकलन हुन बाँकी छ। आन्दोलनको क्रममा आगजनी हुँदा अदालतको जिन्सी किताब, लगत किताब लगायतका अभिलेख जलेर खरानी भएको थियो।

ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने।
५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने।
१५) दाँतको OPD सेवा।

आवद्ध डाक्टरहरू

☞ डा. हेम राज गैरे
☞ डा. सि.पि. गैरे
☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह
☞ डा. टंक न्यौपाने
☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ
☞ डा. काश्मी श्रेष्ठ
☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

सम्पादकीय

माटो बचाऔं

माटो पृथ्वीमा जीवन धान्ने आधार हो । मानव सभ्यता, कृषि उत्पादन, जैविक विविधता र पर्यावरणीय सन्तुलनको मुख्य आधार माटो नै भएकाले यसको सुरक्षा र दीर्घकालीन उपयोग आज विश्वव्यापी चिन्ताको विषय बनेको छ । माटो केवल खेती गर्ने माध्यम मात्र होइन, यो पानी सञ्चय गर्ने, वनस्पति हुर्काउने, सूक्ष्म जीवको संरक्षण गर्ने र वातावरणीय चक्र सन्तुलित राख्ने महत्वपूर्ण प्राकृतिक सम्पदा हो । तर पछिल्ला वर्षहरुमा बढ्दो प्रदूषण, रसायनको अत्यधिक प्रयोग र अव्यवस्थित खेती प्रणालीका कारण माटोको गुणस्तर दिनप्रतिदिन खस्कँदै गएको छ । यसले खाद्य सुरक्षा, जनस्वास्थ्य र पर्यावरणमै दीर्घकालीन चुनौती निम्त्याइरहेको छ ।

छिटो र धेरै उत्पादन लिने लोभमा रासायनिक मल, विषादी तथा अन्य कृत्रिम पदार्थको अन्धाधुन्ध प्रयोगले माटोको उर्वराशक्ति कमजोर बनाउँदै लगेको छ । यस्ता रसायनले माटोमा रहेका उपयोगी सूक्ष्म जीव नष्ट गर्नुका साथै माटोलाई अम्लीय, प्रदूषित र बाँझो बनाउने खतरा बढाएको छ । यसका कारण उत्पादनमा तत्काल लाभ देखिए पनि दीर्घकालमा कृषि प्रणाली नै संकटमा पर्ने अवस्था सिर्जना भइरहेको छ । माटोको प्रदूषणले पानीका स्रोतहरु समेत प्रभावित हुने, खाद्य श्रृंखलामार्फत मानव शरीरमा विषाक्त तत्व प्रवेश गर्ने र समग्र पारिस्थितिक प्रणालीमै असर पुग्ने जोखिम बढेको छ ।

पछिल्लो समय अर्गानिक तथा जैविक खेतीप्रति आकर्षण बढ्दै गएको छ, जुन सकारात्मक पक्ष हो । तर अर्गानिकको नाममा गुणस्तर हीन प्राङ्गारिक मलको प्रयोगले अर्को चुनौती खडा गरेको छ । ५८ वटा प्राङ्गारिक मलको नमुना परीक्षणमा ८५ प्रतिशत नमूना मापदण्ड विपरीत पाइनु निकै गम्भीर संकेत हो । यसले 'अर्गानिक' नाम मात्रै पर्याप्त नहुने, त्यसको गुणस्तर र वैज्ञानिक परीक्षण अनिवार्य हुने स्पष्ट पारेको छ । जथाभावी उत्पादन र प्रयोग गरिएका यस्ता मल तथा विषादीले माटो संरक्षणको सट्टा थप क्षति पुऱ्याउन सक्ने देखिएको छ । त्यसैले प्राङ्गारिक खेतीलाई पनि मापदण्ड, अनुगमन र उत्तर दायित्वसँग जोड्न आवश्यक छ ।

माटो जोगाउनु भनेको भविष्य जोगाउनु हो । माटो रहे मात्र अन्न उत्पादन सम्भव हुन्छ, र अन्न रहे मात्र मानव तथा प्राणी जीवनको अस्तित्व रहन्छ । त्यसैले माटो संरक्षणलाई केवल कृषिसँग मात्र नभई जीवन र पर्यावरणसँग जोडेर हेर्नुपर्छ । यसका लागि संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारले माटो परीक्षण, गुणस्तरीय मल नियन्त्रण, सचेतनामूलक कार्यक्रम र दिगो खेती प्रवर्द्धनमा ध्यान दिन जरूरी छ । साथै किसान र सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्दै माटोमैत्री अभ्यास अपनाउन प्रेरित गर्नुपर्छ । माटो संरक्षण आजको आवश्यकता मात्र होइन, भावी पुस्ता प्रतिको जिम्मेवारी पनि हो ।

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

ओशोको विचार क्रान्ति र सेक्सुअल लिबरलिजम

अहिले संसारमा ओशो लाई महान यौन मनोविश्लेषक, दार्शनिक गुरु र युग निर्माता क्रान्तिकारी विचारकको रूपमा आदर र सम्मान प्राप्त भइरहेको छ। ओशो वास्तविक प्रेम सम्बन्ध बाट यसै संसारलाई स्वर्ग बनाउन सकिन्छ भन्ने कुरामा विश्वास गर्दथे। उनले आफ्नो अवचेतन मनभित्र लुकेर बसिरहेको यौन अतृप्ति र काम भावना र भावनात्मक संवेग लाई अर्थात् सेक्स डीजाएर लाई इच्छा विपरीत दबाएर बसेका प्रेमी प्रेमिकाहरुलाई समाजको अगाडि निडर भएर विद्रोह गर्न सिकाए।उनको विचारमा प्रेम गर्न साहस गर्ने युवा युवतीहरुलाई मात्र जीवनमा खुशी र आनन्द प्राप्त हुन्छ। ओशोको विचारमा समाजले सेक्सलाई आनन्द वा इन्जोयको रूपमा न भएर मनभित्र दबाएर कुण्ठित पारेर राख्न दबाव दिन्छ। त्यसैले समाजमा महिला र पुरुष बीच धेरै नै विभेद हुने गरेको छ। अहिले उनले प्रतिपादन गरेको , सेक्सुवल लिबरलिजम र मल्टिपल लभ रिलेसनसिप,सम्बन्धी विचारलाई विश्वव्यापी रूपमा सामाजिक मान्यता प्राप्त हुन थालेको छ र नयाँ पुस्ताहरूले निर्धक्कसँग आफ्ना मन मिलेका जोडी संग परस्पर प्रेमालाप र प्रेम सम्बन्ध स्वीकार गर्न थालिसकेको छ। ओशोले मानिसको जीवनमा प्रेम र आनन्दको स्वर्गको अनुभूति गराउने र मानिसलाई बाँचुन्जेलसम्म जीवनको महान सत्य सम्भोग क्रीडा अर्थात् प्रेम र आनन्दको सागरमा मन र आत्मालाई विलीन हुन दिने र चिर युवा बनिरहने विचार र दर्शन संसारलाई दिएर युगान्तकारी परिवर्तन गराउने कार्यमा महान योगदान दिएका छन्। ओशोले निर्माण गरेका विचारहरू थुप्रै अडियो भिडियो र प्रवचनहरूपबाट सुन्न सकिन्छ।उनले लेखेका हजारौं पुस्तकहरू विश्वका प्रायजसो सबै भाषाहरूमा अनुवाद गरिएको छ, तथा उक्त पुस्तकहरु लाई अहिलेका युवायुवतीहरूले एउटा ठूलो मार्गदर्शक विचार र नयाँ क्रान्तिकारी धर्मको रुपमा ग्रहण गर्न थालिसकेका छन् । संसारमा निडर भएर युवायुवतीहरू प्रेमपथका सन्यासी र सन्यासिनी जस्तै आफ्नो जीवनका व्यवहारहरू संसारको अगाडि निर्धकसँग राख्न थालेका छन्। संसारमा अहिले यौन स्वतन्त्रताहरू बढ्दै गइरहेको छ।अब दुई जना एडल्ट जोडीहरू बीच स्वेच्छा पूर्वक परस्पर सहमतिमा स्थापित भएको प्रेम सम्बन्धलाई अवैध , कानुन विपरीत वा संस्कृति र संस्कार बिगार्ने छाडा कार्य मानिँदैन। लिभ इन रिलेसनशिप अब सामान्य बन्दै सहरिया पहिचान र आधुनिकी करणको पहिचान बन्न थालेको छ। ओशोको विचारमा महिला र पुरुष बीचको यौन स्वतन्त्रतालाई पति र पत्नी बीचको यौन सम्बन्ध मात्र स्थापित रहने विचार र परम्पराहरू अनावश्यक, काम नलाग्ने, अवैज्ञानिक र अव्यवहारिक छन्।

विश्वका सबैजसो समाजमा समय र परिस्थिति अनुसार नयाँ नियमहरू बसाल्न थालिएको छ र नयाँ कुराहरूलाई स्वीकार गर्न थालिएको छ। संसारैभरि युवावस्थामा पुगेका महिला र पुरुषहरु स्वतन्त्रता पूर्वक विवाहे नगरिकन पनि पतिपत्नी जस्तो जीवन व्यवहार चलाउन सक्छन् भन्ने जस्ता अनेकौं प्रयोगहरू पश्चिमेली राष्ट्रहरुबाट पूर्वेली राष्ट्रहरूतिर पनि सर्दै र प्रयोग हुँदै आइरहेको छ।

भारतीय रहस्यवादी दार्शनिक र विचारक तथा आधुनिक भौतिकतावादी गुरुको रूपमा संसारमै प्रख्यात रहेका ओशोको बाल्यकालको नाम रजनीश चन्द्रमोहन जैन थियो ।उनको जन्म भारत मध्यप्रदेशको कुचवाडा भन्ने गाउँमा सन् ११ डिसेम्बर १९३१मा एउटा रूढिवादी मध्यमवर्गीय जैन धर्मावलम्बी परिवारमा भएको थियो र मृत्यु १९ जनवरी सन् १९९० मा महाराष्ट्रको पुणेमा भएको थियो। उनी हाइस्कुलमा कक्षा दसमा पढ्दा खेरी नै आफ्नै सगोत्री नातामा पर्ने बहिनीको सहज प्रेम आकर्षणमा परी शारीरिक सम्बन्ध समेत गाँसेर प्रचलित धार्मिक, सामाजिक, मान्यता तथा परम्परालाई कुरीति र रूढीवादी मान्यता भन्दै विद्रोह गर्नुभएको थियो। उनी सानै देखि नै स्वतन्त्र विचारका र सामाजिक मूल्य मान्यता र परम्परा प्रति विद्रोह गर्ने स्वभावका थिए ।उनले भारत मध्य प्रदेशको सागर विश्वविद्यालय बाट दर्शन शास्त्रमा प्रथम श्रेणीमा प्रथम स्थान प्राप्त गरेकोले त्यही विश्वविद्यालयमा दर्शन शास्त्र र मनोविज्ञान विषयको प्रोफेसर र विभागीय प्रमुखको रूपमा प्राध्यापन कार्यमा संलग्न भएका थिए। विश्वविद्यालयमा प्राध्यापकको रूपमा कार्य गर्दा गर्दै उनी भारत भरिनै आचार्य रजनीशको नाउँबाट प्रेम र यौन स्वतन्त्रता ,लव एण्ड सेक्स लीबरलिजम र मल्टिपल लभ सम्बन्धी आफ्नो विचारहरु व्याख्यान मार्फत दिएर स्कूल र कलेज पढ्ने युवा युवतीहरु माँझ ठूलो लोकप्रियता हासिल गरी सकेका थिए।

ओशोले ध्यान शिविरमा सेक्स थेरापी मार्फत नृत्य र ध्यान गर्नका लागि दीक्षा दिने र उनीहरूलाई ओशो सन्यासी र सन्यासिनीको पहिचान दिई ओशोको फोटोको लोगो भएको लकेट लगाई दिएर ओशो धर्ममा प्रशिक्षित हुने गरी गुरु परम्पराको शुरुवात गर्नु भएको थियो। उनले आफ्नो आश्रमका युवा सन्यासीहरूलाई ,स्वामी, भन्ने गर्दथे र महिला शिष्याहरूलाई ,मा, भनेर सम्बोधन गर्ने गर्दथे। शुरुमा आचार्य रजनिशका नाम बाट सयकडौं पुस्तक लेखेर त्यसबाट प्रसिद्धि पाउँदै उनले मुम्बई, पुणे, पुना लगायत भारत भरिका हरेक जसो शहर र बजार क्षेत्रहरूमा ओशो ध्यान केन्द्र र आश्रम खोलेर लाखौं लाख युवा युवतीहरुलाई ओशो सन्यासी र सन्यासिनीको रूपमा दीक्षा दिन थाले पछि आचार्य रजनीश बाट उनी भगवान रजनिशमा रूपान्तरण भए। उनले विश्वविद्यालयमा पढाउने कार्यलाई छोडेर पूर्णकालिनरूपमा ओशो ध्यान शिविरमा समय दिन थाल्नु भयो र विश्वव्यापी रूपमा यौन स्वतन्त्रता चाहने लाखौं लाख देशी र विदेशी युवा युवतीहरु , बुद्धिजीवीहरू,लेखक र कविहरु ,फिल्म निर्माता, कलाकारहरु, हीरो हिरोइनहरु लगायत ठूलो बौद्धिक वर्गहरू समेत उनका शिष्य, समर्थक र प्रशंसक बनेका थिए।उनको सबै भन्दा प्रशंसित र सबै भन्दा आलोचित पुस्तक , सम्भोग देखि समाधि सम्म,प्रकाशन उपरान्त उनी आचार्य र भगवान बाट आफूलाई ओशो धर्मगुरुको रूपमा स्थापित गर्नुभयो। उनले सन् १९८१मा अमेरिकाको ओरेगनमा विशाल र भव्य रजनिशपुरम नाम गरेको ओशो आश्रमको को स्थापना गर्न लगाउनु भयो। ओसोले नेपालमा आएर पनि आफ्नो आश्रम खोल्न लगाएका थिए। अहिले नेपालको काठमाडौंमा ओशो तपोवन ध्यान केन्द्रमा स्वामी आनन्द अरुणले ओशो सम्बन्धी विचार र कार्यक्रमहरूको सञ्चालन निरन्तर रूपमा गरिरहनु भएको छ। रजनिशका दार्शनिक विचारहरू मुख्य रूपमा ध्यान ,सेक्स र प्रेममा आधारित छ। रजनीश मूल रूपमा फ्रायडको विचार धाराबाट प्रभावित थिए। ओशोले युवा युवतीहरुलाई प्रेम र सेक्स गर्न पूर्ण स्वतन्त्रता दिनुको साटो समाजमा त्यसलाई पापपूर्ण कार्य मानिएको र त्यस्तो सम्बन्धलाई अवैध र अपराधको श्रेणीमामा राखिएको हुनाले यौन चाहनालाई कुण्ठित पारेर सामाजिक परम्परा बसाल्नु उचित होइन भन्ने उनले विद्रोह गरेका थिए। मन पराएको साथीसँग प्रेम गर्नु पाप होइन धर्म हो।एक अर्कालाई मन पराउने र प्रेम गर्ने महिला र पुरुष बीचको प्रेम सम्बन्ध अवैध सम्बन्ध होईन, पवित्र सम्बन्ध हो। प्रणय जोडीहरू बीच स्थापित भएको प्रेमिल सम्बन्ध बाट जुन सुख प्राप्त हुन्छ र मन भित्र जुन आनन्द र खुसीको तरङ्ग उठ्छ, त्यसको तुलना इन्द्र लोकको स्वर्ग सुख भन्दा बढी हुन्छ। प्रणय मिलनबाट प्राप्त हुने सुख ,शान्ति र आनन्दले नै स्वर्ग सुखको अनुभूति गराउँदछ । ओशो रजनिशका विचारहरूहरूको मुख्य केन्द्रीय विषय वस्तु चाहिँ प्रेम, ध्यान, मृत्यु र स्त्री र पुरुषबीचको सम्बन्धमा सहजता र स्वतन्त्रता जस्ता विषय रहेको छ। ओसोले आफ्नो दार्शनिक व्याख्यानहरूमा आफ्ना शिष्य र शिष्याहरूलाई ,जोर्वा द बुद्धको ,जस्तो जीवन बिताउन सिकाउनुहुन्थ्यो र जीवनमा भौतिकवाद र आध्यात्मिकता बीच सन्तुलन ल्याउने कुराहरुमा पनि जोड दिनुहुन्थ्यो। ओशो कम्युनहरूमा आश्रममा रहेकी महिलाहरुलाई पूर्ण रूपमा यौन साथीहरूको छनौट गर्ने स्वन्त्रतता प्रदान गर्ने गरिन्थ्यो। सेक्स थेरेपिजको माध्यमबाट समाधिको अवस्थामा समेत पुग्न सक्ने र पूर्णरूपमा यौन सन्तुष्टिको आनन्दको अनुभूति गर्न सक्ने विचारलाई धेरै नै महत्व दिएको थियो। ओसोले आफ्नो दर्शनमा पूर्वीय दर्शनका विचारहरू तथा विश्व प्रसिद्ध मनोवैज्ञानिक प्रायडका विचारहरूको मनोविश्लेषण गरी अनौठो किसिमबाट समन्वय गरेका छन् र विश्वको अगाडि खुल्लमखुल्ला सेक्सुअल लिबर्टीको वकालत गरेका छन्। तर यसै मुद्दामा आएर ओशो रजनीश सबैभन्दा बढी आलोचित हुनुपर्यो र खासगरी पूर्वेली समाजमा अनैतिकता पूर्ण यौन सम्बन्धहरूबाट मानिस नास्तिक र धर्मभ्रष्ट हुने भयो भनेर उनलाई धार्मिक र सामाजिक संस्थाहरूबाट ठूलो विरोध , आलोचना र निन्दा गर्ने कार्य पनि बढ्दै गयो। तर अहिले समाजमा खुलापन बढ्दै गइरहेको छ र ओशोका विचारहरू समसामयिक रुपले युवाहरू युवतीहरूमा लोकप्रिय पनि बन्दै गइरहेको छ। साँच्चिकै अर्थमा ओशो एउटा यस्ता स्वतन्त्र विचारका भौतिकवादी दार्शनिक र विद्रोही स्वभावका गुरु थिए जसले मुख्य रूपमा जीवन प्रेम र आनन्दको उत्सव पर्व हो यसलाई तिरस्कार होइन स्वीकार गर्नुपर्दछ, जीवनको आनन्द लिनुपर्दछ भन्ने कुराहरू सिकाएका थिए।

मोहिनी एकादशी मनाईयो

सोमबार वैशाख शुक्ल एकादशी मनाईएको छ । मोहिनी एकादशीका नामले चिनिने यस दिन व्रत गर्नाले मानिस दुःख र पापको मोहजालबाट मुक्त हुने विभिन्न पुराणमा उल्लेख गरिएको छ । यो एकादशीको माहात्म्य भगवान् श्रीकृष्णले युधिष्ठिरलाई बताएको ती ग्रन्थमा उल्लेख गरिएको छ । वैशाख शुक्ल एकादशीका दिनमा पर्ने मोहिनी एकादशी व्रतका विषयमा त्रेतायुगमा रामचन्द्रले पनि गुरू वशिष्रूठसँग प्रश्न गरेको बताइन्छ । सीता वियोगका बेला दुःख र कष्ट नाशका लागि भगवान् रामचन्द्रले गुरु वशिष्रूठसँग जिज्ञासा राखेपछि यसको महत्वबारे उनले प्रस्ट पारेको कथा रामायणलगायत ग्रन्थमा पनि उल्लेख गरिएको छ । गुरु वशिष्रूठले सरस्वती नदी किनारको सुमना भद्रावती नामक नगरका राजाका कान्छा छोराको कथासमेत सुनाएर यो एकादशी व्रतबारे प्रस्ट पारेको शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ । यस दिन व्रत गरेमा दुःख, कष्टलगायत मोहजालबाट मुक्त भइने शास्त्रीय मान्यता छ ।

दुर्घटना रोक्न सडकमा ऐना

धरान/ ओखलढुङ्गाको सिद्धिचरण लोकमार्ग अन्तर्गत हर्कपुरदेखि ठाडेसम्मका जोखिमयुक्त मोडहरूमा सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले 'कन्भेक्स ऐना' जडान गरिएको छ । सडक डिभिजन कार्यालय हर्कपुरका अनुसार मानेभन्ज्याङ गाउँपालिका-७, हर्कपुरदेखि सिद्धिचरण नगरपालिका-६, ठाडेसम्मका विभिन्न खतरनाक मोडहरूमा नयाँ ऐना राख्ने तथा पुराना प्रतिस्थापन गर्ने गरी कुल २६ वटा कन्भेक्स ऐना जडान गरिएको हो । यस कार्यका लागि तीन लाख ५० हजार रूपियाँ बजेट खर्च गरिएको कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सविन जोशीले चालु आर्थिक वर्षको विनियोजित बजेटबाट दुर्घटना न्युनीकरण गर्ने लक्ष्यसहित ऐना जडान गरिएको जानकारी दिए । उनका अनुसार कन्भेक्स ऐना राखिएपछि मोडमा विपरीत दिशाबाट आउने सवारी साधन सजिलै देखिने भएकाले दुर्घटना कम हुने अपेक्षा गरिएको छ । जोखिमयुक्त अन्य मोडहरूमा पनि आवश्यकता अनुसार थप ऐना जडान गर्ने योजना रहेको कार्यालयले जनाएको छ । सोही लोकमार्ग अन्तर्गत सोलुखुम्बु क्षेत्रमा पनि दुई लाख ५० हजार रूपियाँ बजेटमा १९ वटा जोखिमपूर्ण मोडहरूमा कन्भेक्स ऐना जडान गरिएको छ ।

मिडिया क्षेत्रमा आर्थिक पारदर्शिताका लागि सिआइबीद्वारा छानबिन

दमक/ प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले सुशासन र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राख्दै सञ्चार क्षेत्रको आर्थिक पारदर्शितामाथि छानबिन प्रक्रिया अघि बढाएको छ। स्रोतका अनुसार नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले पछिल्लो समय प्रमुख सञ्चारगृहहरूको लगानी, कारोबार र सम्पत्तिको स्रोतबारे गोप्य अनुसन्धान सुरु गरेको छ।

२०४६ सालपछि लोकतन्त्रको विकाससँगै नेपालमा स्थापित भएका ठूला मिडिया हाउसहरूले समाजमा महत्वपूर्ण भूमिका खेले पनि तिनको आन्तरिक आर्थिक पारदर्शितामाथि बेला-बेला प्रश्न उठ्दै आएका छन् । विशेषगरी पछिल्ला वर्षहरूमा अनलाइन मिडियाको तीव्र विस्तारसँगै लगानी स्रोत र आर्थिक पारदर्शिताबारे बहस चर्किएको छ ।

सिआइबीले सञ्चार संस्थाका सञ्चालकहरूको सम्पत्तिको स्रोत, कर तिर्ने अवस्थालगायत विषयमा अध्ययन गरिरहेको बताइएको छ। कम्पनी रजिस्ट्रारको कार्यालय, उद्योग विभाग र नेपाल धितोपत्र बोर्डबाट कागजात संकलन गरी विश्लेषण भइरहेको स्रोतको दावी छ। अनुसन्धानको दायरा फराकिलो बनाउने क्रममा ठूला सञ्चारगृहहरूका साथै अनलाइन मिडियाहरू पनि समेटिएका छन् । केही सञ्चालकहरू बयानका लागि बोलाइएको समेत जनाइएको छ। प्रहरी स्रोतका अनुसार केही सञ्चार संस्थासँग सम्बन्धित आर्थिक कारोबार शंकास्पद व्यक्तिहरूसँग जोडिएको आशंकामा अनुसन्धान भइरहेको छ ।

विशेषगरी हुण्डी कारोबार, क्रिप्टोकरेन्सी प्रयोग, बैंकिङ कसुर र अनधिकृत आर्थिक लेनदेनसँग सम्बन्धित गतिविधिबारे गहिरो अध्ययन भइरहेको बताइएको छ। केही सञ्चारगृहसँग सम्बन्धित लगानी, सेयर कारोबार, सम्पत्ति व्यवस्थापन र विज्ञापन आम्दानीका स्रोतसमेत अनुसन्धानको दायरामा परेको जनाइएको छ। यद्यपि, यसबारे सरकारी निकायले औपचारिक धारणा सार्वजनिक गरिसकेका छैनन् । अनुसन्धान संवेदनशील विषय भएकाले गोप्य रूपमा अघि बढाइएको जनाइएको छ।

सरकारको यो कदमप्रति सञ्चार क्षेत्रभित्र मिश्रित प्रतिक्रिया देखिएको छ। केहीले यसलाई मिडिया क्षेत्रलाई पारदर्शी बनाउने सकारात्मक प्रयास मानेका छन् भने केहीले प्रेस स्वतन्त्रतामाथि दबाब सिर्जना हुनसक्ने आशंका व्यक्त गरेका छन् । विज्ञहरूले सञ्चार क्षेत्र लोकतन्त्रको महत्वपूर्ण स्तम्भ भएकाले यसको आर्थिक पारदर्शिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका छन्। साथै, अनुसन्धान प्रक्रिया निष्पक्ष र कानुनी मापदण्डअनुसार हुनुपर्ने उनीहरूको भनाइ छ।

हालसम्म आरोप र तथ्यबीच स्पष्टता नआए पनि यस अनुसन्धानले नेपालको सञ्चार क्षेत्रको आर्थिक संरचना र पारदर्शितामाथि व्यापक बहस सुरु गराएको छ।

९ महिनामा १० अर्वको अलैंची निर्यात



दमक/ नेपाली अलैंचीको निर्यात यस पटक बढेको छ । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो नौ महिनामा झापाको मेची भन्सार कार्यालय हुँदै सो अवधिमा १० अर्ब ७० करोड सात लाख १८ हजार रूपियाँ मूल्यको अलैंची निर्यात भएको छ । कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार गत साउनदेखि चैतसम्म ५२ लाख ९५ हजार २५० किलो अलैंची निर्यात भएको छ । आव २०८१/८२ को पहिलो नौ महिनामा भन्दा यस पटक ४१.५८ प्रतिशत बढीले अलैंची निर्यात भएको उनको भनाई छ ।

सिजनको सुरुदेखि नै प्रतिमन ९० देखि ९५ हजार रूपियाँमा कारोबार भएको अलैंचीको मूल्य यो वर्षभरि नै उच्च र स्थिर रहेको व्यापारी बताउँछन् । सिजन सकिनै लाग्दा पनि अलैंचीको मूल्य प्रतिमन ९६ देखि एक लाख रूपियाँको हाराहारीमा रहेको इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्ण पौड्यालले जानकारी दिए । पछिल्लो समयमा पश्चिम एसियाको द्वन्द्वले गर्दा खाडी मुलुक जान भने कम भएको उनको भनाई छ । अलैंचीबाट राम्रो आम्दानी हुन थालेपछि किसानले अलैंची खेती पनि विस्तार गरिरहेका छन् । देशका ५४ जिल्लामा अलैंची खेती हुँदै आएको छ । देशको १४ हजार ३८३.५ हेक्टर जमिनमा अलैंची खेती विस्तार रहेको अलैंची विकास केन्द्रले जनाएको छ । विशेष गरी इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, धनकुटालगायतका कोशी पहाडमा जिल्लामा अलैंची सबैभन्दा बढी उत्पादन हुने गरेको केन्द्रको तथ्याङ्क छ ।

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

उपकरणले बचाउँदैछ श्रम र समय

पहिले हातले आरा तानेर काठ चिर्नु श्रमसाध्य, समयखर्चिलो र जोखिमपूर्ण काम मानिन्थ्यो। यही पेशाबाट जीविका चलाउने काठकर्मीहरु दिनभर कठिन परिश्रम गर्न बाध्य हुन्थे। तर प्रविधिको विकाससँगै अहिले साना-साना आधुनिक उपकरण र औजारले यो पेशालाई धेरै सहज बनाइदिएको छ ।

अचेल तेह्रथुमका दुर्गम क्षेत्रमा समेत पुगेका विद्युतीय वा इन्धनबाट चल्ने चेनसा, मिनी स-मिल, कटरजस्ता उपकरणले काठ चिरान तथा प्रशोधन छिटो, सुरक्षित र प्रभावकारी बनाएका छन् । यसले श्रमको भार घटाउनुका साथै समयको ठूलो बचत गरेको छ। पहिले दिनभर लाग्ने काम अहिले केही घण्टामै सम्पन्न हुन थालेको छ । उत्पादन क्षमता बढेको छ भने काठकर्मीको आम्दानीमा समेत सुधार आएको छ । प्रविधिको उपयोगले परम्परागत पेशालाई आधुनिक, प्रतिस्पर्धी र टिकाउ बनाउँदै लगेका कारण यस क्षेत्रमा संलग्न व्यक्तिहरुको जीवनस्तर उकासिन मद्दत पुगेको छ ।

छथर गाउँपालिका-२ का काठ व्यवसायी लालबहादुर लिम्बूका अनुसार, पहिले रुख काट्न मात्रै घण्टौं लाग्थ्यो, आरा धरान बनाउन तीन-चार दिन खर्चिनु पर्थ्यो । धेरै जनशक्ति पनि चाहिन्थ्यो । अहिले चेन-सले सबै काम सहज बनाइदिएको छ ।

पहिले काठ चिरान गर्न दुई जना कामदारले करिब एक महिना समय लगाउनु पर्ने अवस्था थियो । तर, त्यतिनै काम एउटै व्यक्तिले तीनदेखि चार दिनमै सम्पन्न गर्न सक्ने अवस्था आएको छ । छथर-२ कै पुष्प लिम्बूका अनुसार आरा धरान बनाएर काठ चिरान गर्नु निकै गाह्रो र समय खपत हुने काम थियो, अहिले मेसिनले त्यो सबै झन्झट हटाइदिएको छ ।

चेन-स मेसिन विभिन्न प्रकारका ऊर्जा स्रोतबाट सञ्चालन गर्न सकिन्छ-डिजेल, पेट्रोल, तर तेह्रथुमका ग्रामीण क्षेत्रमा प्रायः पेट्रोलबाट चल्ने मेसिन नै बढी प्रयोगमा छन् । एउटा लिटर पेट्रोलबाट ७ देखि १० थानसम्म १२ फिटका सरा तथा तक्ति तयार गर्न सकिने भएकाले यो प्रविधि लागतको हिसाबले पनि उपयोगी मानिएको छ ।

यस प्रविधिले केवल कामको गति बढाएको मात्र होइन, श्रम र स्रोतको बचत पनि गराएको छ । परम्परागत आरा धरान बनाउन ५ देखि ७ वटा रुख आवश्यक पर्ने र धेरै जनशक्ति जुटाउनुपर्ने अवस्था अहिले हटेको छ । गाउँको जुनसुकै कुनामा रहेका साना वा ठूला रुख काट्न अब सहज भएको छ । जसले ग्रामीण जीवनलाई थप सरल बनाएको छ । चेन-स मेसिनको मूल्य ५५ हजारदेखि १ लाख १० हजार रूपैयाँसम्म पर्ने गर्दछ । प्रारम्भिक लगानी केही महँगो भए पनि यसको उपयोगिता र आम्दानीको सम्भावनाले गर्दा यो लगानी आकर्षक बन्दै गएको छ । दक्ष कामदारहरूले मासिक ५ हजारदेखि २ लाख रूपैयाँसम्म आम्दानी गर्ने गरेका छन्, जसले ग्रामीण क्षेत्रमा रोजगारीका नयाँ ढोका खोलिदिएको छ ।

स्वास्थ्य जानकारी

गर्मीका कपालको स्याहार कसरी गर्ने ?

गर्मी मौसममा चर्को घाम, पसिना, धुलो र प्रदूषणले टाउको र कपाललाई बढी असर पार्छ। यस मौसममा कपाल चिपचिपे भएर टाँसिन्छ भने कसैको कपाल सुक्खा र निर्जीव हुन्छ। यस्तो कपाल देखेपछि ननुहाइकन मनले मान्छ र ? तर कपाल दिनदिनै नुहाउनु हुन्छ कि हुँदैन भन्ने विषयमा प्रायः बहस हुने गर्छ ।

हाम्रो टाउकोले प्राकृतिक रूपमा 'सेबम' नामक तेल उत्पादन गर्छ । यो तेलले कपाललाई सुक्खा हुनबाट जोगाउँछ र प्राकृतिक चमक दिन्छ। यद्यपि, गर्मीमा अत्यधिक पसिनाका कारण धुलो र फोहोरसँग मिलेर यो टाउकोमा टाँसिन्छ । लामो समयसम्म नुहाइएन भने यसले टाउको चिलाउने, चाया (डन्ड्रफ) पर्ने र कपाल झर्नेजस्ता समस्याहरू निम्त्याउन सक्छ। तर, यसो भन्नुको मतलब तपाईंले हरेक दिन स्याम्पु गर्नुपर्छ भन्ने चाहिँ होइन ।

बारम्बार स्याम्पु गर्नाले टाउकोको प्राकृतिक तेल कम हुन सक्छ, जसले गर्दा कपाल कमजोर र सुक्खा हुन थाल्छ । कपाल कति पटक नुहाउने भन्ने कुरा कपालको प्रकृतिमा भर पर्छ । तेलीय (चिल्लो) कपाल भएका व्यक्तिहरूले हप्तामा लगभग तीन पटक आफ्नो कपाल धुनुपर्ने हुन सक्छ। सुक्खा वा घुमाउरो कपाल भएकाहरूका लागि हप्तामा एक वा दुई पटक मात्र स्याम्पु लगाउनु उपयुक्त मानिन्छ। घुमाउरो कपालमा प्राकृतिक तेलहरू जरादेखि टुप्पोसम्म छिटो पुग्न सक्दैनन्, त्यसैले यो छिट्टै सुक्छ। अर्कोतर्फ, पातलो र सिधा कपाल छिटो चिल्लो देखिन थाल्छ । त्यसकारण, सबैखाले कपालमा एउटै नियम लागू हुँदैन ।

कपाल धुने सही तरिका:

धेरै तातो पानीले कपाल धुनु हानिकारक हुन सक्छ । तातो पानीले कपालको ओसिलोपन हटाउँछ। तसर्थ, मनतातो वा सामान्य पानीले कपाल धुनु राम्रो हुन्छ । स्याम्पु सीधै कपालमा खन्याउनुको सट्टा हातमा लिएर हल्का फिँज निकालेपछि मात्र बिस्तारै टाउकोको छालामा दल्नुहोस् । स्याम्पु प्रयोग गरेपछि कन्डिसनर लगाउनु पनि लाभदायक मानिन्छ। यसले कपाललाई नरम बनाउँछ र टुक्रिनबाट रोक्न मद्दत गर्छ ।

पुस्तक-साभार

सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ४

क्रान्तिको पूर्वाभ्यास

✍ कृष्ण धारावासी

छोटो समयको प्रयत्न पछि दुई पार्टी एक आपसमा विलय भएर नयाँ नाममा उदाए पछि नेपाली राजनीतिक वृत्तमा एउटा नयाँ तरङ्ग फैलियो । छोटो भन्नाले २००३ र २००५ सालमा छुट्टाछुट्टै गठन भएका पार्टीहरू एक वर्ष भित्रैमा फन्को मारेर एकठाउँमा जोडिन आइपुगेका थिए । तर यही तीन वर्षको छोटो समयमा पनि पटकपटकको एकता प्रयत्नका गतिविधिहरू भने लामा हुन पुगेका थिए । दरबारभित्रको षड्यन्त्र र अन्तर्रसंघर्षका बीच झन्झन् कठोर हुँदै गएको राणाशासन र त्यसका विरूद्ध भारतमा निर्वासित नेपाली राजनीतिज्ञहरूका बीच नयाँ पार्टीले चर्चा प्राप्त गरिरहेको थियो । पार्टीको यो एकता धेरै दिन टिक्न सक्दैन भन्ने विश्लेषकहरू पनि थिए भने यसलाई टिकाएर परसम्म पुर्‍याउनु पर्छ भन्ने शुभ चिन्तकहरू पनि थिए ।

एउटा कुरा के स्पष्ट थियो भने नेपाली काङ्ग्रेस पार्टीको गठन राजनीतिक सहजताका बेला रहरले राजनीति गर्न खोलिएको साधारण मञ्च थिएन । सयौं वर्षको इतिहासबाट निचोरिएर निस्किएको एउटा निर्णायक अभिव्यक्तिको बिम्ब थियो । सुवर्ण शमशेर र बी.पी. कोइराला दुबै त्यस्ता व्यक्तिहरू थिए जसले देशको राज्यसत्ताका कारण निर्वासित हुनु परेको थियो । अकारण दण्डित हुनु परेका यी व्यक्तिहरू सरकारको सत्तासंचालनको उदाहरण थिए । क्रान्तिचेतले दीक्षित गणेशमानसिंह जस्ता युवकको भावना पनि यसैमा समाहित थियो। जो थिए पार्टीलाई चौतारी बनाई समाचारका वाक्यहरूमा मात्र खेल्न चाहनेहरू, आफै बाहिरिएका थिए र यी जो बाँकी थिए आफूलाई सहादत दिन तयार हुनेहरू थिए । त्यसैले चिया पसलमा बसी गरिने विश्लेषणहरूको पहुँचभन्दा धेरै माथिको उचाइबाट दुत गतिमा अघि बढ्न थालिसकेको थियो यो पार्टी ।

हिजोसम्म राष्ट्रिय कांग्रेस र प्रजातन्त्र कांग्रेसका नाममा विभाजित पार्टीहरू र त्यसमा आबद्ध केही व्यक्तिहरूलाई मात्र हेरेर काठमाडौंमा राजनीतिक मनोरञ्जन गर्नेहरू र राजनीतिका नयाँ ज्योतिषीहरू जसरी औला भाँचिरहेका थिए, तिनीहरू यो एकताको समाचारबाट भने अलमल्ल भएका थिए । यद्यपि पार्टी एकतालाई भाँड्न वा त्यसभित्र विवादहरू जन्माउन काठमाडौंदेखि गुप्तचरहरू नखटेका भने थिएनन् । तर भावनात्मक दृढता र मुक्तिको संकल्पका अघि त्यस्ता षडयन्त्रहरू स्वतः निस्क्रिय भएका थिए । स्पष्ट के छ भने बीपी र सुवर्ण दुबैको अभीष्ट भन्नु नेपालको जहानियाँ शासनको अन्त्य र प्रजातन्त्रको स्थापना मात्र थियो । त्यो काम जोसुकैले जुनसुकै नाम, झण्डा र नेतृत्वबाट गरे पनि हुन्छ भन्ने थियो । मै हुनु पर्छ र मबाट मात्र यो काम सम्पन्न होस् र जस पाऊँ भन्ने पटक्क लोग नभएका व्यक्तिहरूबाट शुरू भएको अभियानको परिणति थियो यो । पार्टी गठन हुने बेलामा बी.पी.लाई सभापति बनाउने मानसिक तयारी भइसके पछि एकाएक सो पदका लागि मातृकाप्रसाद कोइरालाको नाम प्रस्तावित हुँदा गणेशमानलाई बीपीले सम्झाएको निम्न अभिव्यक्तिले पनि त्यो आस्थालाई प्रमाणित गर्छ । त्यसबेला बीपीले गणेशमानजीलाई सम्झाउनु भएको थियो । क्रमशः

पूर्वबाट भित्रिए ७ हजार ६ सय पर्यटक

काकडभिट्टा/ पूर्वीनाका काँकडभिट्टाबाट विभिन्न देशका सात हजार ६४२ पर्यटक नेपाल भित्रिएका छन् । अध्यागमन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा उक्त संख्यामा पर्यटक नेपाल आएका हुन् । साउनदेखि चैतसम्म ८१ मुलुकका पर्यटकले यो नाका हुँदै नेपाल आएका कार्यालयका प्रमुख तुलसी भट्टराईले जानकारी दिइन् । नेपाल प्रवेश गरेका पर्यटकमध्ये सबैभन्दा बढी भुटानी नागरिक रहेका छन् । यस अवधिमा चार हजार १५४ जना भुटानी पर्यटक नेपाल आएका छन् । भुटानपछि अमेरिका, थाइल्यान्ड, अस्ट्रेलिया र संयुक्त अधिराज्य (बेलायत)का पर्यटक धेरै संख्यामा नेपाल आएका कार्यालयको अभिलेखमा उल्लेख छ । अमेरिकाबाट एक हजार ६१२, थाइल्यान्डबाट ५२५, अस्ट्रेलियाबाट २२९ र बेलायतबाट १८२ जना नागरिक नेपाल घुम्न आएका कार्यालयका प्रमुख भट्टराईले बताइन्। नेपाल आउने पर्यटकले लुम्बिनी, पोखरा, काठमाडौं, चितवन, गोर्खालगायत प्रमुख पर्यटकीयस्थल जाने बताउने गरेको उनले जानकारी दिइन् ।

आउने मात्र नभएर पर्यटकले नेपालबाट अर्को मुलुक प्रस्थान गर्नका लागिसमेत यो नाका प्रयोग गर्दै आएका छन् । सोही अवधिमा काँकडभिट्टा नाका भएर नौ हजार ९४२ पर्यटक यहाँबाट बाहिरिएको तथ्यांक छ । आव २०८१/८२ को साउनदेखि चैतसम्ममा भने यहाँबाट आठ हजार ७० जना पर्यटक भित्रिएका थिए । चालु आवको सोही अवधिमा आगमन भएका पर्यटकको सत्यामा ४२८ ले कमी आएको छ ।

चालु आवको चैत महिनामा यो नाका भएर एक हजार छ जना पर्यटक नेपाल प्रवेश गरेको र एक हजार ५४३ जना प्रस्थान गरेको कार्यालयले जनाएको छ । यस अवधिमा छ हजार ६९१ वटा पर्यटक भिसा, एक सय २४ वटा नातेदार भिसा, २६ वटा वैवाहिक भिसा र ३६ वटा गैरआवासीय भिसा जारी गरिएका छन् । भिसा जारी गरेवापत रू दुई करोड ८० हजार ५२० राजस्व संलग्न भएको कार्यालयले जनाएको छ ।

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला

विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।

सम्पर्क नम्बर : ९८४४६८०४९९

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

कला/मनोरञ्जन

'रोल नं. १' को गीत सार्वजनिक

चलचित्र 'रोल नं. १'को टाइटल गीत सार्वजनिक भएको छ । गीतमा प्रशान्त सिवाकोटीको शब्द, संगीत तथा स्वर छ । सार्वजनिक गीतले नेपाली शिक्षा प्रणाली र विद्यालय तहमा हुने 'र्‍यांकिङ'को दौडमा बालबालिकाले भोग्नुपर्ने दबाबलाई मुख्य विषय बनाएको छ। गीतले बालमनोविज्ञान केलाउने प्रयास गरेको छ ।

सेभेन सिज सिनेमाको ब्यानरमा निर्माण भएको चलचित्रको निर्देशन जोन योञ्जनले गरेका हुन् । विनोद पौडेलको चलचित्र 'रोल नं. १' जेठ १५ गतेबाट प्रदर्शन हुने बताइएको छ । चलचित्रमा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी मुख्य भूमिकामा छन् । बालकलाकारहरु निर्भीक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठको पनि अभिनय छ । विनोद पौडेल र जान्वी पौडेल निर्माता रहेको चलचित्रको सहनिर्मातामा छत्रमाया गिरी र रमेश चौलागाईं छन् । चलचित्रलाई महेश दवाडीले लेखेका हुन् ।

'छ माया छपक्कै २'को शुभ मुर्हुत

फिल्म 'छ माया छपक्कै २'को शुभ मुर्हुत गरिएको छ । सोमबार बिहान भक्तपुरको सूर्यविनायकस्थित गणेश मन्दिरमा कलाकार तथा निर्माण पक्षको उपस्थितिमा फिल्मको मुहूर्त गरिएको हो ।नेपालको फिल्म निर्माणमा सबैभन्दा सफल मानिएको दीपक-दीपा समूहको निर्माण रहेको यो फिल्म दीपेन्द्र लामाले निर्देशन गर्न लागेका हुन् । दीपकराज गिरी र केकी अधिकारीको मुख्य भूमिका रहने फिल्ममा अभिनेत्री सनिशा भट्टराईको पनि अभिनय रहनेछ ।

दीपक-दीपा समूहको कम्पनी आमा सरस्वती मूभिजसँगको सहकार्यमा 'फर्की फर्की' का निर्माता रोहित अधिकारीले यस फिल्मको निर्माण गर्दैछन् । यी दुवैको सहकार्यमा यसअघि सन् २०१९ मा प्रदर्शनमा आएको 'छ माया छपक्कै' बनेको थियो ।

नुवाकोटसहित पोखरा र काठमाडौंमा समेत फिल्मको छायांकन हुनेछ । फिल्म रिलिज भने आगामी दसैंबाट हुने जनाइएको छ ।

दैनिक राशिफल

आज मिति २०८३ साल वैशाख १५ गते मंगलबार 28 April 2026 तिथि: द्वादशी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	मनमा शान्ति छाउने । अध्ययन क्षेत्रमा सुधार ।
वृष	इ उ ए ओ वा वि वु वे वो	दिन मध्यम छ । आफन्तबाट अपजस मिल्ला ।
मिथुन	का कि कु घ ङ छ के को हा	मित्रहरु दाहिना होलान् । ब्यापारमा उत्तम समय छैन ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	पारिवारीक भेटघाट । खर्चको मात्रा बढेर जाला ।
सिंह	मा मि मु मे मो टा टि टु टे	शुभचिन्तकबाट सरसहयोग । पढाईलेखाईमा बाधा ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	अनावश्यक खर्च । शत्रुको भय ।
तुला	हि हु हे हो डा डि डु डे डो	आकस्मिक धनलाभ । आफन्तबाट सहयोग ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	उपहार प्राप्ति । रोजगारीको अवसर ।
धनु	य यो भा भी भ धा फा ढ भे	कार्य सिद्धि । मान्यजनको सहयोग ।
मकर	भो जा जी खि खू खे खो गा गी	मनमा खिन्नता । स्वास्थ्यमा समस्या ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ ।
मीन	दि दु थ झ ञ दे दो चा ची	आर्थिक प्रगति । मित्रबाट सहयोग ।

सुकुमबासी.... जोखिमयुक्त तथा अतिक्रमित क्षेत्रबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको जनाएको छ । काठमाडौ महानगरका पूर्वमेयर बालेन्द्र शाह प्रधानमन्त्री निर्वाचित भए लगत्तै जारी १०० बुँदे कार्यसूचीमै अतिक्रमित भूमि कब्जा तत्काल हटाउने प्रतिबद्धता गरिएको थियो । सोहि कार्यसुचीमा रहेको योजना अनुसारनै अहिले काठमाडौमा मात्र नभई देशका विभिन्न भागमा अतिक्रमित जमिन खालि गराउने काम तिव्र रूपमा भई रहेको छ ।

उपत्यकामा १ हजार बढी घरटहरा भत्काइए

नेपाल प्रहरीले काठमाडौँ उपत्यकाका विभिन्न ठाउँमा अतिक्रमित गरी बनाइएका १ हजार २७२ घरटहरा भत्काएको जनाएको छ । शनिबारदेखि शुरू भएको अभियान जारी रहेको र अझै ३७८ वटा घरटहरा हटाउन बाँकी रहेको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार काठमाडौँ उपत्यकाअन्तर्गत थापाथली, गैरीगाउँ-बानेश्वर, मनोहरा जडीबुटी (काठमाडौँ) र मनोहरा बस्ती (भक्तपुर) क्षेत्रमा गरी कुल १ हजार ६५० घरटहरा रहेका थिए । थापाथलीमा शनिबार १४३ वटा घरटहरा पूरै भत्काइएको छ। त्यहाँका ३४ परिवारका जम्मा ११५ जनालाई कीर्तिपुरस्थित राधास्वामी सत्संग भवनमा राखिएको प्रहरीले जनाएको छ ।

त्यसैगरी गैरीगाउँ बानेश्वर क्षेत्रमा कुल ५७८ वटा घरटहरा रहेका थिए। तीमध्ये २१५ वटा पक्की र ३६३ वटा कच्ची घर थिए । शनिबार ५६५ वटा घरटहरा भत्काइएको थियो। त्यस क्षेत्रमा अझै १५ वटा पक्की घर भत्काउन बाँकी रहेको छ ।

यसैगरी मनोहरा जडीबुटी क्षेत्रमा आइतबार ११४ वटा घरटहरा सबै भत्काइएको छ । त्यहाँ करिब ५५० देखि ६०० जनासम्म प्रभावित भएको अनुमान गरिएको छ ।

मनोहरा बस्ती भक्तपुरतर्फ भने कुल ८१५ वटा घरटहरा रहेकामा ७७० वटा पक्की र ४५ वटा कच्ची संरचना रहेका थिए। तीमध्ये ४५० भन्दा बढी घरटहरा भत्काइएको छ भने करिब ३६५ वटा हटाउन बाँकी रहेको प्रहरीले जनाएको छ ।

खालि जमिन संरक्षणमा चासो

काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले सुकुमबासी बस्ती हटाएर खाली गराइएको सार्वजनिक जग्गाको संरक्षणका लागि काम थाल्न निर्देशन दिएकी छन् । थापाथलीस्थित बागमती नदी किनारामा खाली गराइएको स्थानको निरीक्षण गर्दै उनले प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईँलाई सो निर्देशन दिएकी दिएकी हुन् । अहिले र यसपछि खाली गराइने ठाउँहरूको सुरक्षा र संरक्षणका लागि तारबार लगाउन अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलगायत सरोकारवाला कार्यालयसँग समन्वय गर्न र सार्वजनिक निर्माण विभागबाट तारबार लगाउने काम थाल्न उनले निर्देशन दिएकी छन् ।

काठमाडौँ उपत्यकाका चार स्थानमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमित गरेर बनाइएका एक हजार भन्दा बढि घरटहरा भत्काइएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, काठमाडौँ महानगरपालिकाका नगर प्रहरीको समन्वयमा सरकारी टोलीले काठमाडौँको थापाथली, गैरीगाउँ-बानेश्वर र जडिबुटी तथा भक्तपुरको मनोहरा क्षेत्रमा अवैधरूपमा निर्माण गरिएका घरटहरा भत्काएको हो ।

कहाँ गरिँदैछ व्यवस्था ?

सहरी विकास मन्त्रालयले जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा आवश्यकताअनुसार व्यवस्थापन सहज रूपमा अघि बढिरहेको जनाएको छ । स्थानान्तरण गरिएका सुकुम्वासीहरूलाई उपत्यकाका पाँचवटा विभिन्न स्थानमा अस्थायी रूपमा राख्ने व्यवस्था मिलाइएको छ । सरकारका अनुसार स्थानान्तरण हुनेहरूलाई नागार्जुन (इचङ्गु) मा रहेका ४२ वटा आवास युनिट, कीर्तिपुरस्थित सत्सङ्को ठुलो भवन र भक्तपुरको बोडेमा रहेको कृषि विकास बैंकको तालिम केन्द्रमा राखिनेछ। यसबाहेक भक्तपुरकै खरीपाटी र चाँदबागमा रहेका सरकारी भवन तथा खाली जग्गालाई पनि अस्थायी बसोबासका लागि प्रयोगमा ल्याइएको छ । यी संरचनाहरूमा पानी, बिजुली र शौचालयको सुविधा सुनिश्चित गरिएको छ भने हालै स्थानान्तरण हुनेहरूका लागि सरकारले नै खानाको प्रबन्ध गर्ने जानकारी दिएको छ ।

त्रिविसँग क्रिकेट रंगशालाको विषयमा सम्झौता नविकरण हुने

त्रिभुवन विश्वविद्यालयले कीर्तिपुरस्थित टीयू क्रिकेट रंगशाला ३५ दिनभित्र खाली गर्न नेपाल क्रिकेट संघ क्यानलाई निर्देशन दिए पछि सरकारले भने खाली गर्ने नभई सम्झौता गरिने बताएको छ । त्रिवि क्रिकेट मैदानको भविष्यबारे अन्योल भइरहेका वेला सरकारले त्रिवि र नेपाल क्रिकेट संघबीच पुनः भाडा सम्झौता हुने स्पष्ट पारेको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्णय सुनाउने क्रममा सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै प्रवक्ता सस्मित पोखरेलले त्रिविका उपकुलपतिसहितका उच्च पदाधिकारीसँग छलफल भएको र छिटै भाडा सम्झौता हुने बताएका हुन् । सोमबार बिहान त्रिवि उपकुलपतिसहितको बैठक थियो । सकारात्मक कुरा भएको छ', उनले भने, 'खाली गराउने हैन । भाडा सम्झौता रिन्यू गर्ने हो । राज्यका यत्रो लगानी भएको छ ।'

अतिक्रमित जग्गा फिर्ता ल्याउने सरकारको अभियानअन्तर्गत त्रिविले गत वैशाख ४ गते सार्वजनिक सूचना जारी गरी सम्बन्धित निकायलाई जग्गा खाली गर्न निर्देशन दिएको थियो। यससँगै त्रिवि क्रिकेट मैदानबारे अन्योल बढेको थियो।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक : **देवीप्रसाद सिटौला** (९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड: **राजकुमार श्रेष्ठ** ९८०६०१०४१०

आत्मघाती आक्रमणमा रक्षामन्त्रीको मृत्यु

एजेन्सी/ पश्चिम अफ्रिकी मुलुक मालीका रक्षामन्त्री सादियो केमाराको एक आत्मघाती ट्रक विष्फोटमा मृत्यु भएको छ । राजधानी बमाको नजिकै रहेको निवासमा भएको आत्मघाती ट्रक विष्फोटमा उनको मृत्यु भएको हो । रक्षामन्त्री केमाराका परिवारले उनको मृत्यु आत्मघाती ट्रक विष्फोटमा भएको पुष्टि गरेको बीबीसीले जनाएको छ । बीबीसीका अनुसार घटनाको केही घण्टापछि मालीको सरकारी टेलिभिजनले विष्फोटमा गम्भीर घाइते भएका रक्षामन्त्रीको मृत्यु भएको समाचार प्रसारण गरेको छ ।

मालीका राष्ट्रपति असीमी गोइताको निवासलाई पनि लक्षित गरेर आक्रमण भएको बताइएको छ । उनलाई सुरक्षित स्थानमा लगिएको छ । माली यतिबेला हिंसा र अस्थिरताबाट गुज्रिरहेको छ । राजधानी बमाको र अन्य कयौं सहरहरूमा चरमपन्थी समूहहरूले शनिबार बिहानैदेखि आक्रमण गर्दै आएका छन् । सैन्य शासन रहेको मालीमा सैनिक ब्यारेक, रक्षामन्त्रीको घर र अन्य क्षेत्रमा आक्रमण भएको भएको थियो । चरमपन्थी संगठन आजावाद लिबरेसन फ्रन्ट (एफ.एल.ए.) ले रूसी भाडाका सिपाही पछि हटेपछि सहर अब आ ने कब्जामा रहेको दाबी गरेको छ ।

होमवर्क गरेर शिक्षा विधेयक आउने

दमक । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सदस्या डा.तोसिमा कार्कीले शिक्षा विधेयक 'होमवार्क' गरेर सरकारले प्रस्तुत गर्ने बताएकी छिन् ।

सोमवार एनसिइ नेपालले आयोजना गरेको 'शिक्षामा २० प्रतिशत लगानीको सुनिश्चितता कसरी र जिम्मेवारी कसको ? विषयक छलफल कार्यक्रममा उनले यस्तो बताएकी हुन् । उनले यसअघि नयाँ सरकार बन्दा निष्कृय बनेको शिक्षा विधेयकलाई रिफ्रेन्सको रुपमा लिने पनि बताइन ।

उनले भनिन्, 'शिक्षा विधेयक होमवार्क गरेर सरकारले प्रस्तुत गर्छ,कसरी विधेयक गुणस्तरीय बनाउने, शिक्षा क्षेत्रको सुधार गर्नेमा सरकार र शिक्षा समिति प्रतिबद्ध छ ।' जारी हुनै लागेको बहुप्रतिक्षित शिक्षा विधेयक जेनजी आन्दोलनपछि सरकार फेरिँदा शून्यमा झरेको छ ।

अलपत्र बन्यो दमकको कोभिड अस्पताल : दमक ३ बेलडाँगीमा निर्माण गरिएको कोभिड अस्पताल प्रयोगविहीन हुदाँ अलपत्र बन्न पुगेको छ ।

समृद्धिको मार्गचित्र ....

.....उत्कृष्ट नमुना प्रस्तुत गरेको छ ।

त्यसैगरी, मिर्मिरे मार्ग (२२ लाख), सिर्जना मार्ग (९ लाख), सवल मार्ग (३० लाख), पाँचधुरे मार्ग (३० लाख) लगायतका सडक योजनाहरूले नगरको भौतिक पूर्वाधारलाई नयाँ उचाइमा पुर्‍याइरहेका छन् । ढकाल चोक-साकेला मार्ग (६२ लाख) तथा देवान चोक-रामचोक सडक (८३ लाख) निर्माण सम्पन्न भएसँगै उत्तरी दमकमा यातायात व्यवस्थापन सहज हुने अपेक्षा गरिएको छ । प्रदेश सरकारको १ करोड ३२ लाखको लगानीमा निर्माण भइरहेको खानेपानी ट्याङ्की-संगम चोक सडकले अन्तरसरकारी सहकार्यको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ। यी सबै आयोजनाहरूले दमकलाई योजनाबद्ध शहरी विकासतर्फ डोर्याइरहेका छन्।

शिक्षा र मानव विकासमा लगानी: भविष्यको जग बलियो बनाउँदै

शैक्षिक क्षेत्रलाई पनि उत्तिकै प्राथमिकतामा राख्दै भृकुटी माध्यमिक विद्यालय मा ५५ लाखको लागतमा आधुनिक ४ कोठे भवन निर्माण भइरहेको छ । पुराना जीर्ण संरचनाहरु हटाएर नयाँ, सुरक्षित र व्यवस्थित शैक्षिक वातावरण निर्माणका लागि सो भवन निर्माण गरिएको नगरप्रमुख थापाले बताएका छन् ।

रोजगार, सीप र आत्मनिर्भरता: समृद्धिको आधार तयार

दमक नगरपालिका केवल भौतिक विकासमै सीमित छैन। जनताको जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने सीपमूलक तालिम, रोजगारमुखी कार्यक्रम र आयआर्जनका अवसर सिर्जनामा पनि उत्तिकै सक्रिय देखिन्छ। विभिन्न तालिममार्फत स्थानीयलाई आत्मनिर्भर बनाउने प्रयासले 'समृद्ध दमक'को दीर्घकालीन लक्ष्यलाई सुदृढ आधार प्रदान गरिरहेको छ ।

निष्कर्ष: विकासको नमुना बन्दै दमक

समग्रमा, विषम परिस्थितिलाई चुनौतीका रूपमा स्वीकार गर्दै निरन्तर विकासको यात्रामा अग्रसर दमक नगरपालिका आज एउटा गतिशील, उत्तरदायी र जनकेन्द्रित स्थानीय सरकारको रूपमा स्थापित हुँदैछ । पूर्वाधार, स्वास्थ्य, शिक्षा र रोजगारी—यी चारै स्तम्भमा समानान्तर रूपमा भइरहेको प्रगति वास्तवमै प्रशंसनीय मात्र होइन, अनुकरणीय समेत छ ।

दमकको यो विकासयात्रा केवल योजनाहरूको कार्यान्वयन होइन, यो त समृद्ध, सक्षम र आत्मनिर्भर समाज निर्माणको एक सशक्त अभियान हो—जहाँ सरकार र जनता हातेमालो गर्दै उज्यालो भविष्यतर्फ अघि बढिरहेका छन् ।

*शासकीय.....*निर्णयहरूले सरकारको जनमुखी छवि निर्माणमा महत्वपूर्ण भूमिका खेलेका छन्। त्यस्तै, सुकुमवासी व्यवस्थापनको जटिल विषयमा काठमाडौँ उपत्यकाका नदी किनारका अव्यवस्थित बस्ती हटाउँदै वास्तविक सुकुमवासीको पहिचान र व्यवस्थापन प्रक्रिया अघि बढाउनु सरकारको साहसी कदमका रूपमा हेरिएको छ ।

यसबाहेक, तथाकथित 'भीआईपी संस्कृति'माथि प्रहार गर्ने उद्देश्यले प्रभावशाली व्यक्तिहरुलाई अनुसन्धानको दायरामा ल्याउने प्रयास, इन्धन खपत घटाउने उपाय, सहसचिवभन्दा तलका कर्मचारीलाई सरकारी सवारी सुविधा कटौती गर्ने निर्णय तथा कूटनीतिक सक्रियता देखाउँदै विदेशमा अप्ठ्यारोमा परेका नेपालीहरूको उद्धार गर्ने पहलले सरकारको सक्रियता र दृढता झल्काएको छ। यी सबै कार्यहरूले सुधारमुखी शासनको संकेत दिएका छन् र सरकारप्रति आशावादिता बढाएको छ ।

तर, यिनै सकारात्मक पहलसँगै केही निर्णयहरूले सरकारलाई विवादको घेरामा पनि ल्याएका छन्। विशेषतः पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक लाई पक्राउ गर्ने निर्णयले ठूलो राजनीतिक तरंग उत्पन्न गर्‍यो। पछि सर्वोच्च अदालत को हस्तक्षेपपछि उनीहरु रिहा भएपछि सरकारको निर्णय प्रक्रिया, कानुनी आधार र तयारीमाथि गम्भीर प्रश्न उठेका छन्। यस घटनाले सरकारको 'आक्रामकता' र 'अपरिपक्वता'बीचको सीमारेखा प्रस्ट पारेको विश्लेषण गरिएको छ ।

त्यसैगरी अन्य व्यक्तिमाथि गरिएको कारबाही, संविधान संशोधन बहसका लागि गठन गरिएको कार्यदलको नेतृत्व र त्यससँग सम्बन्धित विवाद, शिक्षा तथा कर नीतिसम्बन्धी निर्णयहरूमा देखिएको असन्तुलनले पनि सरकारलाई आलोचनाको केन्द्रमा राखेको छ । विद्यालय भर्ना प्रक्रिया, ब्रिज कोर्स सम्बन्धी निर्णयबाट पछि हट्नुपरेको अवस्था तथा सीमावर्ती क्षेत्रबाट ल्याइने सामानमा कर लगाउने निर्णयप्रति जनस्तरमा असन्तुष्टि देखिएको छ । कर्मचारी ट्रेड युनियन खारेज गर्ने तथा क्याम्पसहरूमा विद्यार्थी संगठन हटाउने निर्णयले राजनीतिक दलहरूबीच वैचारिक टकराव बढाएको छ, जसलाई कतिपयले सुधारको पहल भनेका छन् भने विपक्षीले लोकतान्त्रिक अधिकारमाथिको हस्तक्षेपका रूपमा आलोचना गरेका छन् ।

सरकारभित्रकै अस्थिरता पनि यस अवधिमा देखिएको अर्को महत्वपूर्ण पक्ष हो। एक महिनाभित्रै दुई मन्त्री पदमुक्त हुनु—श्रममन्त्री दीपक साहको शीघ्र बहिर्गमन र गृहमन्त्री सुदन गुरूङको विवादका कारण पदत्याग—ले सरकारको आन्तरिक समन्वय र निर्णय क्षमतामाथि प्रश्न उठाएको छ । यद्यपि, केहीले यसलाई सुशासनप्रतिको प्रतिबद्धता र शून्य सहनशीलताको संकेतका रूपमा पनि व्याख्या गरेका छन् ।

समग्रमा, पहिलो महिनामा बालेन सरकार ऊर्जावान, सुधारमुखी र जनअपेक्षाप्रति सचेत देखिए पनि निर्णय प्रक्रियामा आवश्यक अध्ययन, तथ्यगत आधार र कानुनी परिपक्वताको अभाव देखिएको विश्लेषकहरूको भनाइ छ । धेरै क्षेत्रमा एकैपटक हस्तक्षेप गर्ने प्रयासले कतिपय निर्णय अपरिपक्व देखिनु स्वाभाविक भए पनि यसले दीर्घकालीन प्रभाव पार्न सक्ने संकेत गरेको छ । यद्यपि, प्रारम्भिक चरणमै रहेको यस सरकारले आ ना कमजोरीबाट सिक्दै सन्तुलित, परिणाममुखी र संस्थागत कार्यशैली अवलम्बन गर्न सकेमा सुशासन र सुधारको लक्ष्य हासिल गर्ने सम्भावना अझै जीवित रहेको छ। पहिलो महिनाले सरकारको ऊर्जा र इच्छाशक्ति प्रमाणित गरेको छ भने अबको परीक्षा भने परिणाम र स्थायित्वमै निहित रहने देखिन्छ ।

भोजपुर–चखेवा एकतर्फी खुल्यो

भोजपुर/ भारी वर्षासँगै आएको बाढीले पुल बगाउँदा अवरूद्ध बनेको भोजपुर-चखेवा सडक पुनः एकतर्फी सञ्चालनमा आएको छ । भोजपुर नगरपालिका-५ बोखिमस्थित चाल्से खोल्सामा गए राति एक्कासि आएको बाढीले पुल बगाएपछि यातायात सेवा पूर्ण रूपमा ठप्प बनेको थियो । स्थानीय तहको पहलमा वैकल्पिक ट्रयाक खोलिएपछि हाल साना सवारीसाधन सञ्चालनमा आएका छन् । भोजपुर नगरपालिका-५ का वडाध्यक्ष फविन्द्र प्रधानका अनुसार तत्कालका लागि आपत्कालीन अवस्थालाई मध्यनजर गर्दै एकतर्फी रूपमा सवारी आवागमन सञ्चालन गरिएको हो । अवरूद्ध बनेको करिब २३ घण्टापछि यातायात सञ्चालनमा आएको हो ।

उनले भने, 'बाढीले पुल बगाएपछि सडक पूर्ण रूपमा अवरूद्ध बनेको थियो । अहिले नयाँ ट्रयाक खोलेर साना सवारीसाधन सञ्चालनमा ल्याएका छौँ । ठूला सवारीसाधन सञ्चालनका लागि भने अझै केही समय लाग्ने छ ।' यो सडकखण्ड स्थानीय जनजीवनसँग प्रत्यक्ष रूपमा जोडिएको महत्वपूर्ण मार्ग हो । दैनिक उपभोग्य सामग्री ढुवानी, कृषिजन्य उत्पादन बजारसम्म पुर्‍याउने, बिरामी ओसारपसार तथा विद्यार्थीको आवतजावतका लागि यही सडक मुख्य आधार बनेको छ । सडक अवरूद्ध हुँदा केही समय स्थानीयले सास्ती खेप्नुपरेको थियो ।

धरानमा डोजर नचल्ने

धरान । विभिन्न सहरहरूमा सुकुम्बासी बस्तीमाथि डोजर चलाइएपछि देशभरका सुकुम्बासी बस्तीका नागरिकहरु आतंकित र बेचैन भइरहेका बेला धरान उपमहानगरपालिकाका कार्यवाहक प्रमुख अइन्द्रविक्रम बेघाले धरानमा भने कसैको पनि उठिबास नलगाइने भन्दै आश्वस्त पारेका छन् । धरान-८ को एक सुकुम्बासी बस्तीमा पुगेर नागरिकहरूसँग प्रत्यक्ष सम्वाद गर्दै बेघाले आफू पदमा रहुन्जेल धरानका सुकुम्बासी बस्तीमा डोजर नचल्ने र कसैको घर नभत्किने प्रतिबद्धता जनाएका हुन् ।

पछिल्लो समय धरान-८ को '११ घरे' बस्तीमा डोजर चल्न लागेको भन्दै फैलाइएको हल्लालाई 'अफवाह' को संज्ञा दिँदै बेघाले वास्तविकता स्पष्ट पारे ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित

नयाँ **झापाली इटा** बजारमा

झापाली इटा

ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

आईसीयूका लागि नर्स आवश्यकता

दमक हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., दमक ८ लाई **आईसीयू सेवाका लागि ५ जना नर्सिङ् स्टाफ** आवश्यक रहेकाले योग्यता पुगेका ईच्छुक व्यक्तिहरुलाई योग्यताको प्रमाण पत्रको प्रतिलिपिसहित आवेदन दिनु हुन जानकारी गराईन्छ ।

- **योग्यता : बीएन उत्तिर्ण गरि १ वर्षको अनुभव**
- **आवेदन दिने अन्तिम मिति : २०८३/१/२२ गते**
- **सम्पर्क नं : ९८२५९८०००८**

मालपोत कार्यालय दमक झापाको ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

जिल्ला झापा शिवसताक्षी नगरपालिका वडा नं. ०२ बस्ने दर्वशेर राईको नातिनी देउ कुमार राईको छोरी ना.प्र.नं. ०४३०३४/९५० मिति २०६३।१०।१६ झापाको हेलेन राईले निजको हजुरआमा नन्दशिला राईको मिति २०७७०७१७ मा र हजुरबुवा दर्वसेर राईको मिति २०६५।०३।०९ मा मृत्यु भएको, मृतकहरुको तीन छोराहरु दिपक राई, देउ कुमार राई र खड्ग बहादुर राई (कालुराम) र एक छोरीको जाय जन्म भएकोमा छोरीको पहिला नै विवाह भई सकेको, माईलो छोरा (हेलेन राईको बाबु) देउ कुमार राई २०४६ साल देखि बेपत्ता रहेको, निजको पत्नि देउमाया राई पनि २०५२ सालमा नै दोस्रो विवाह गरी अन्यत्रै गएको, दुई छोराहरु (ठूलोबाबु/काका) जेठो दिपक राई र कान्छो खड्ग बहादुर राई (कालुराम) ले हजुरआमा जिवित रहँदा नै अंश लिई सकेको साथै निजहरुको हकछाड मञ्जुरीनामा समेत रहेको र आफ्नो बेपत्ते बाबुको भागमा पर्ने मृतक हजुरआमा नन्दशिला राईको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गा बेपत्ते बाबु देउकुमार राई र दोस्रो विवाह गरी जाने आमा देउमाया राईको आफू एकमात्र सन्तान रहेकोले उल्लेखित जग्गा आफ्नो नाममा नामसारी गरी पाऊँ भनी द.नं. १३८३२ मिति २०८२।११।२७ मा निवेदन पेश गरेकोमा हकदावी सम्वन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८२।१२।०४ मा आदेश भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। निवेदकको माग दावी बमोजिम मृतक नन्दशिला राईको नाममा रहेको उल्लेखित जग्गा निवेदकको नाममा नामसारी गर्दा कोहि कसैको हकहिस्सा वा स्वामित्वमा असर पर्न जाने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा आउनु होला। अन्यथा कानून बमोजिम भई जाने छ। पछि कुनै प्रकारको उजूर बाजूर लाग्ने छैन।

तपशील

जग्गा धनिको नाम, थर	गा.वि.स/न.पा.	वडा नं. सि.नं.	कि.नं.	क्षेत्रफल व.मि.	संशोधन माग गर्नेको	कै
ज.ध. नन्दसिला राई बाबुः चतुर मनी राई पतिः दर्वसेर राई ना.प्र.नं. ९७७३२४१५७ मिति २०३४।१०।१३ झापा	तोपगाछी तोपगाछी	८क ८क	७६८ २८५१	०-५-० ०-२-०	नाम, थरः हेलेन राई बाबुः देउकुमार राई बाजेः दर्वसेर राई ना.प्र.नं.०४३०३४/९५० मितिः २०६३।१०।१६ झापा	

इति सम्वत् २०८२ साल चैत्र ०५ गते रोज ५ शुभम् ।

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२. **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल